# आलिताल गाउँपालिकाको
# तेस्रो गाउँ सभामा

**प्रस्तुत भई पारित आ.व. २०७५/०७६ को**

**बजेट तथा कार्यक्रम**

**मिति : २०७५ असार २२–२३ गते**

# आलिताल गाउँपालिकाको तेस्रो गाउँसभामा
# गाउँपालिकाका अध्यक्ष श्री बलबहादुर गुरुङ्गबाट प्रस्तुत
# बजेट तथा कार्यक्रम २०७५

आलिताल गाउँपालिकाको यस तेस्रो गाउँसभामा उपस्थित जिल्ला समन्वय समिति सदस्य ज्यू , गाउँपालिका उपाध्यक्ष ज्यू, सम्पूर्ण वडा अध्यक्ष ज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत ज्यू , कार्यपालिका सदस्य ज्यूहरु, गाउँ सभाका सम्पूर्ण सभासद तथा सदस्य साथीहरु, वडा सचिव ज्यू हरु, विषयगत कार्यालयका प्रमुख एवं प्रतिनिधि ज्यूहरु, पत्रकार मित्रहरु, सुरक्षा निकायका प्रमुख तथा प्रतिनिधिहरु, गाउँपालिका कर्मचारी लगायत उपस्थित सम्पूर्ण महानुभावहरु ,

नेपालको गणतान्त्रिक संविधान २०७२ जारी भएपछि २०७४ असार १४ गते सम्पन्न स्थानीय तह निर्वाचनमा गाउँपालिकाबासीले हामीलाई विश्वास गरी जनप्रतिनिधीको रुपमा चयन गर्नु भएको अहिले एक वर्ष पूरा भएको छ । यस अवसरमा म वहाँहरुप्रति हार्दिक कृतज्ञता सहित धन्यबाद व्यक्त गर्दछु । संविधान कार्यान्वयनका क्रममा भएको निर्वाचन प्रक्रियाद्वारा निर्वाचित भई राष्ट्रिय स्वाधीनता र स्वाभिमान, लोकतन्त्र, दिगो शान्ति, सुशासनमा टेवा पुऱ्याउनका साथै यस आलिताल गा.पा.को विकास र समृद्धिको चाहना सहित यो दोश्रो आ.व.को नीति तथा कार्यक्रम प्रस्तुत गर्न यस गरिमामय गाउँ सभामा सम्बोधनका लागि उपस्थित हुन पाउँदा गौरवान्वित भएको छु ।

राष्ट्रियता, लोकतान्त्रिक गणतन्त्र र जनजीविका प्राप्तिको आन्दोलनका विभिन्न कालखण्डमा जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरुप्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु । राष्ट्रिय स्वाधीनता र स्वाभिमान, लोकतन्त्र, सङ्घीयता, जनजीविका, सुशासन र समृद्धि प्राप्तिको आन्दोलन र क्रान्तिको नेतृत्व गर्ने नेताहरु, नागरिक समाज, सञ्चार जगत र सहभागी जनसमुदायलाई उच्च सम्मान र प्रशंसा गर्दै बधाई र धन्यवाद व्यक्त गर्दछु ।

हाम्रो वर्तमान जटिल एवं चुनौतिपूर्ण भएतापनि विगत गौरवपूर्ण छ, र हाम्रो भविष्य उज्जवल र सम्भावनायुक्त छ । यसलाई आलिताल गाउँपालिका निर्माणको ऐतिहासिक अवसरको रुपमा लिएर अगाडि बढ्नुको विकल्प छैन । हामीले राजनीतिक क्षेत्रमा ऐतिहासिक फड्को मारेका छौ । संविधान घोषणा भई कार्यान्वियनमा आएपछि लामो समयको संक्रमणकालको अन्त्य भई मुलुक राजनीतिक स्थिरतातर्फ उन्मुख भएको छ । स्थानीय तहको निर्वाचन भई स्थानीय शासन र विकास निर्माणमा प्रत्येक नागरिक आफैं संलग्न हुने वातावरण बनेको छ । राजनीतिक प्रणालीप्रति नागरिकको भरोसा पुनर्स्थापित भएको छ । यो

समयलाई आर्थिक सामाजिक रुपान्तरणको अवसरको रुपमा उपयोग गर्दै समृद्ध गाउँपालिका निर्माण गर्ने हाम्रो परिकल्पना हो । यसका लागि हामी बीच एकता, विश्वास र सहकार्यको बलियो आधार हुन जरुरी छ ।

राष्ट्रियता, मानवअधिकार, लोकतन्त्र, विधिको शासन, सामाजिक न्याय, समृद्धि र विकासका पक्षमा आलिताल गाउँपालिकाको नेत्तृत्व सधैं सर्मपित रहने छ । सार्वभौम नेपाली जनताले निर्माण गरेको नेपालको संविधान कार्यान्वयनको महत्वपूर्ण चरण र नयाँ शासन व्यवस्थाको अभ्यासको थालनी भएको छ । संविधानको व्यवस्थाले राज्यको पुनर्संरचना गर्दै व्यवस्थाकि, कार्यपालिका र न्यायपालिका सहितको अधिकार सम्पन्न स्थानीय तह गठन भएको छ । स्वाभिमान र आर्थिक समृद्धिका लागि जनमुखी शासन व्यवस्था, लोककल्याणकारी राज्य प्रणाली र सामाजिक सुरक्षा अवधारणा तथा विकास निर्माणमा जनताको सहभागीता एवं जन-लेखापरीक्षण र पारदर्शिता लगायत लोककल्याणकारी राज्यले अपनाउनु पर्ने व्यवस्थाप्रति गाउँपालिकाको नेतृत्व सदैव प्रतिवद्ध रहेको छ ।

आदरणिय मित्रहरु ,

सर्वप्रथम त म यस आलिताल गाउँपालिकाको संक्षिप्त परिचय प्रस्तुत गर्दछु ।

- नेपालको संविधान २०७२ बमोजिम गठन भएका स्थानीय तहमध्ये डडेल्धुरा जिल्लाको साविकका २ वटा गा.वि.स.हरु गाङ्खेत र आलिताल समेटेर बनेको यस आलिताल गाउँपालिकामा ८ वटा वडाहरु रहेका छन ।
- डडेल्धुरा जिल्लाका गाउँपालिका मध्ये यो गाउँपालिका क्षेत्रफलमा सबैभन्दा ठूलो र जनसंख्यामा दोस्रो स्थानमा पर्दछ ।
- यसको पूर्वमा डोटी जिल्ला, पश्चिममा परशुराम न.पा., उत्तरमा अमरगढी न.पा. र भागेश्वर गा.पा. र दक्षिणमा कैलाली र कञ्चनपुर जिल्ला अवस्थित छन । यस गाउँपालिकाको केन्द्र साविक आलिताल गा.वि.स.को कार्यालय नै हो ।
- वि.सं.२०६८ सालको जनगणना अनुसार यहाँको जनसंख्या १८५३१ जना रहेको छ जसमध्ये ८९४६ जना पुरुष र ९५८५ जना महिला रहेका छन भने परिवार संख्या ३२८० रहेको छ ।
- ८०°२६' देखि ८०°३७' उत्तरी अक्षांशसम्म र २८°५९' देखि २९°१४' पूर्वी देशान्तरसम्म फैलिएको यसको क्षेत्रफल २९२.८७ वर्ग कि.मि. रहेको छ ।

- यस गाउँपालिकामा सबैभन्दा धेरै डोटेली भाषी, दोस्रो नेपाली र तेस्रोमा मगर भाषा बोल्नेको बाहुल्यता रहेको छ भने जातजातिको हिसाबले यहाँ क्षेत्री पहिलो, मगर दोस्रो र दलित तेस्रो रहेको पाईन्छ ।
- ६५.९२ प्रतिशत साक्षरता रहेको यस गाउँपालिकामा पुरुष साक्षरता ७७.४२ प्रतिशत र महिला साक्षरता ५५.३२ रहेको पाईन्छ ।
- यस गाउँपालिकाको नाम यस क्षेत्रकै ठूलो र प्रसिद्ध ताल “आलिताल” को नामबाट रहन गएको हो जुन हाल वडा नं. ३ अन्तर्गत अवस्थित छ ।
- यहाँका प्रमुख चाड पर्वहरुमा दशैं, तिहार, गौरा पर्व, तीज, महाशिवरात्री पर्व, माघे सक्रान्ति आदी पर्दछन् ।

आदरणिय महानुभावहरु,

अब म गाउँपालिकाको नीति, कार्यक्रम तथा बजेट तर्जुमा प्रक्रियामा अवलम्बन गरिएका आधारहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

- नेपालको संविधानमा उल्लिखित मौलिक अधिकारहरु, राज्यका निर्देशक सिद्धान्तहरु तथा नीतिहरु,
- नेपालको संविधानको अनुसूचि ८ र ९ मा उल्लिखित स्थानीय तहको एकल तथा साझा अधिकारको सूचि,
- नेपालको संविधान भाग ४ अन्तर्गतका राज्यका आर्थिक, सामाजिक विकास, प्राकृतिक स्रोतको उपयोग, वातावरण संरक्षण सम्बन्धी नीतिहरु, धारा ५९ को आर्थिक अधिकार, भाग १९ को आर्थिक कार्यप्रणाली,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- स्थानीय तहको योजना तथा बजेट तर्जूमा दिग्दर्शन, २०७४ (परिमार्जित)
- स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४
- नेपाल सरकार तथा प्रदेश सरकारबाट आ.व. २०७५/०७६ को लागि प्रस्तुत भएको नीति तथा कार्यक्रम,
- नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको कार्य विस्तृतीकरणको प्रतिवेदन,

- संघीय सरकारले अंगिकार गरेको आवधिक योजनाले लिएका नीति तथा प्राथमिकताहरु,
- संघीय सरकारले अबलम्बन गरेका आर्थिक तथा वित्तीय नीतिहरु,
- स्थानीय तहको आवधिक योजनाले तय गरेका प्राथमिकताहरु,
- नेपालले अन्तर्राष्ट्रिय जगतमा जनाएका प्रतिवद्धता, विभिन्न सन्धी सम्झौताहरु,
- न्यायलयबाट विभिन्न समयमा प्रतिपादन भएका न्यायिक नजीर, सार्वजनिक महत्वका आदेश तथा फैसलाहरु
- चौधौं आवधिक योजना,
- दिगो विकास लक्ष्य,
- विकासका समसामयिक मुद्दाहरु जस्तै सामाजिक संरक्षण, जलवायु परिवर्तन र विपद व्यवस्थापन, खाद्य तथा पोषण सुरक्षा, लैङ्गिक सशक्तीकरण तथा समावेशी विकास, बालमैत्री स्थानीय शासन, वातावरण मैत्री स्थानीय शासन, खुला दिशामुक्त तथा पूर्ण सरसफाइ, उर्जा संकट लगायतका अन्तरसम्बन्धित बिषयहरु ।

आदरणीय महानुभावरु,

योजना/आयोजना /कार्यक्रम प्राथमिकिकरणका आधारहरु पस्तुत गर्दछु :

- आर्थिक विकास र गरिवी निवारणमा प्रत्यक्ष योगदान पुर्‍याउने,
- उत्पादनमूलक र छिटो प्रतिफल दिने ,
- राजस्व परिचालनमा योगदान पुर्‍याउने,
- सेवा प्रवाह, संस्थागत विकास र सुशासनमा योगदान पुर्‍याउने,
- स्थानीय स्रोत साधनमा आधारित भई जनसहभागिताका अभिवृद्धि गर्ने,
- लैङ्गिक समानता, सामाजिक समावेशीकरणको अभिवृद्धि हुने,
- दिगो विकास, वातावरण संरक्षण र विपद् व्यवस्थापनमा योगदान पुर्‍याउने,
- समुदायलाई विपद तथा जलवायु परिवर्तन उत्थानशिल बनाउने,
- परम्परागत धर्म संस्कृति, चाडपर्व मेला आदिको माध्यमबाट संस्कृति र पहिचान प्रवर्द्धन गर्ने,

- आलिताल गाउँ कार्यपालिका बोर्डले आवस्यक देखेका अन्य विषयहरु,

आदरणीय महानुभावहरु ,

यस आलिताल गाउँपालिकामा देखिएका केही अवसरहरु प्रस्तुत गर्न चाहन्छु :-

- प्राकृतिक स्रोत साधन जस्तै बन जंगल, ढुङ्गा, गिट्टी, बालुवा आदीको सदुपयोगबाट स्थानीय स्तरमा रोजगारी प्रबर्द्धनका साथै आर्थिक विकास गर्न सकिने ।
- आलिताल, महाभारत भागेश्वर, घण्टेश्वर क्षेत्र, जोसिना झरना, शहीद भीमदत्त पन्तको बीरगति प्राप्त स्थान गल्लेक लगायत विभिन्न देवी देवताका मन्दिर रहेका ठाउँहरुलाई ऐतिहासिक तथा धार्मिक पर्यटन क्षेत्र घोषणा गरी पर्यटन प्रवर्द्धन सम्बन्धी विभिन्न कार्यक्रमहरु कार्यान्वयन गर्न सकिने ।
- एक गाउँ, एक उत्पादनको अवधारणा अनुरुप व्यवसायिक पशुपालन, मौरीपालन, फलफूल खेती, तरकारी खेती लगायत अन्य कृषि तथा पशुजन्य व्यवसायकालागि पकेट क्षेत्रको रुपमा कार्यान्वयन तथा विकास गर्न सकिने ।
- वन पैदावारमा आधारित काष्ठ तथा गैरकाष्ठ उद्योगहरुको स्थापना तथा विकास गर्न सकिने, आदि ।

आदरणीय महानुभावहरु,

यी सबै अवसरहरु हुँदाहुँदै पनि यस आलिताल गाउँपालिकाको विकासमा तमाम समस्या र चुनौतिहरु पनि रहेका छन्, जुन यस प्रकार छन् ।

- बिकट तथा अप्ठेरो भौगोलिक बनावट (दुर्गम डांडा पाखा-पहरा, खहरेखोला, कमजोर सतहयुक्त जमिन,
- बाटोघाटो तथा यातायातको असुविधा,
- प्रकृतिक स्रोत साधनको उपयोग हुन नसक्नु,
- सकारात्मक सोच तथा चेतना स्तरमा कमी,
- चुनौतीपूर्ण संघीयता कार्यान्वयन,
- आपसी सहयोग र सदभावको कमी,
- स्थानीय उत्पादनले बजार पाउन नसक्नु,
- सार्वजनिक निर्माणको गुणस्तरीयतामा कमी,

- विद्युत तथा सञ्चार सुविधामा कमी,
- बेरोजगारी र गरिबी,
- दक्ष कर्मचारी तथा मानवस्रोतको कमी, आदी ।

आदरणीय महानुभावहरु ,

हाम्रा सामु विभिन्न चुनौतिहरु रहेता पनि विद्यमान अवसरहरुको सदुपयोग र चुनौतिहरुको सामना गर्ने गरी गाउँपालिकाको नीति तथा कार्यक्रमहरु तर्जुमा गरेको छु । यस सम्मानित सभामा छलफल तथा अनुमोदनका लागि प्रस्तुत गरिएका विभिन्न विषयगत् कार्यक्रम तथा बजेट यस सम्मानित सभामा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१. राजनीतिक सहमति, सुशासन र सेवा प्रवाह :

- यस गाउँ कार्यपालिका तथा गाउँसभामा प्रतिनिधित्व गर्ने सम्पुर्ण राजनीतिक दलहरु बीच आपसी सहमति, सहकार्य र कार्यगत एकतामा विशेष जोड दिदै सर्वसम्मत रुपमा निर्णय गर्ने परिपाटीलाई निरन्तरता दिईनेछ ।
- जनतालाई छिटो छरितो र स्थानीय स्तरमै प्रभावकारी सेवा प्रवाह गर्न गाउँपालिकाका ८ वटै वडाहरुमा वडा कार्यालयहरु सञ्चालनमा ल्याई सेवा प्रवाह गरिएको छ ।
- गाउँ कार्यपालिकाको कार्यालय, ८ वटै वडा कार्यालय र गाउँपालिका अन्तर्गतका सबै मा.वि.हरुमा ई-हाजिरी शुरु गरिएको छ , जसबाट कर्मचारी तथा शिक्षकहरुको कार्यमा नियमितता आएको छ । यसैगरी हालसम्म पनि ईन्टरनेट सुविधाबाट बञ्चित यस गाउँपालिकामा ईन्टरनेट सेवा र सिसी टिभि क्यामेरा जडान भई कार्यालयका कामकाजहरुमा प्रभावकारिता आएको छ । साथै उक्त सेवा सबै वडा कार्यालयहरु र विद्यालयहरुमा विस्तार गर्दै लगिनेछ ।
- जनतासंग प्रत्यक्ष सरोकार राख्ने र जनताको सेवाका लागि आवश्यक गाउँपालिका कार्यालय लगायत अन्तर्गतका  विभिन्न विषयगत शाखाहरु व्यवस्थापन गर्न गाउँपालिका परिसरमा कार्यालय भवन र बैठक कक्ष निर्माण कार्य सम्पन्न भएको छ । जसबाट सेवा प्रवाहमा अझ प्रभावकारिता आउनेछ ।

- गाउँपालिका केन्द्रमा सुविधायुक्त सभाहल निर्माण कार्य थालनी गर्न आवश्यक पहल गरिनेछ ।
- गाउँपालिकाले सञ्चालन गरेका हरेक नीति तथा कार्यक्रमहरु स्थानीय मिडियाहरु मार्फत आवधिक रुपमा सार्वजनिक गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।
- गाउँपालिका कार्यालय र प्रत्येक वडा कार्यालयहरुमा नागरिक वडापत्र, सुझाव पेटिका राखिएको छ । साथै गाउँपालिका तथा सम्बन्धित वडाको कार्यक्रम तथा बजेटको सार्वजिक होर्डिङ्ग बोर्ड राख्ने, सञ्चालित योजना स्थलहरुमा समेत सम्बन्धित योजना बोर्ड राखी सेवा प्रवाहमा पारदर्शिता कायम गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।
- गाउँपालिका क्षेत्रमा काम गरिरहेका स्थानीय बाल क्लब, युवा क्लब, सामुदायिक संघ संस्था र गैससहरुलाई कार्यक्रम सञ्चालनका लागि प्रोत्साहित गर्दै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरु मार्फत सञ्चालन हुने कार्यक्रमहरु एकद्वार प्रणाली नीति अवलम्बन गरी गाउँपालिकाबाट अनुगमन तथा नियमन गर्ने व्यवस्था मिलाईनेछ ।
- समाजमा विद्यमान विकृति, विसंगति, कुरीति, कुसंस्कार, भ्रष्टाचार, घरेलुहिंसा जस्ता अमानवीय क्रियाकलापहरुको अन्त्य गरी भयमुक्त, न्यायपूर्ण र समानतायुक्त समाजको निर्माणका लागि आवश्यक नीति बनाई कार्यान्वयन गरिनेछ ।
- सु-शासनमा जनप्रतिनिधीहरु लगायत कर्मचारी र स्थानीय युवा तथा अगुवा समाजसेवीहरुको भूमिका प्रोत्साहित गर्न बिभिन्न किसिमका तालिम तथा अध्ययन अवलोकन कार्यक्रमहरु संचालन गरिनेछन् ।
- विभिन्न योजना कार्यान्वयन पूर्व उपभोक्ता समितिका पदाधिकारीहरुलाई योजना कार्यान्वयन सम्बन्धी अभिमुखीकरण अनिवार्य गरिनेछ ।
- हरेक योजना कार्यक्रमको नियमित अनुगमन, मुल्याङ्कन तथा सामाजिक परीक्षण गरिनेछ ।

२. कृषि तथा पशु विकासः

- व्यावसायिक कृषि प्रणालीको माध्यमद्वारा कृषि उत्पादन तथा उत्पादकत्वमा बृद्धि गरी स्थानीय किसानहरुको जीवनस्तर उकास्न विशेष जोड दिईनेछ । यसका लागि एक गाउँ उत्पादन कार्यक्रम, नमूना कृषि तथा पशुपालन फार्महरु सञ्चालन गर्ने गरी बजेटको व्यवस्था मिलाएको छु ।

- नेपालकै अर्गानिक मह उत्पादन क्षेत्रको रुपमा परिचित यस गाउँपालिकालाई मौरीपालन सम्वन्धी पकेट क्षेत्रको रुपमा विकास गर्न मह प्रशोधन तथा भण्डारण केन्द्र स्थापना तथा सञ्चालन गर्न आवश्यक पहल गरिनेछ।
- कृषिलाई यान्त्रिकरण गर्दै आधुनिक तथा वैज्ञानिक खेति प्रणाली सम्बन्धी कार्यक्रमहरु जस्तै प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत मकै बाली, आलू बाली सम्बन्धी ब्लक कार्यक्रमहरुलाई निरन्तरता दिईनेछ।
- कृषिको उत्पादन र उत्पादकत्व बृद्धि गरि किसानको आयस्तर बृद्धि गर्न गाउँपालिका अन्तरगत कृषि अध्ययन, अनुसन्धान केन्द्र लगायत सहुलियत दरमा मल, बिउ, औषधी बिक्री केन्द्र स्थापना तथा सञ्चालन गर्न आवश्यक पहल गरिनेछ।
- अगुवा कृषक तथा युवा जनशक्तिलाई व्यवसायिक कृषि तथा पशुपालन सम्बन्धी क्रियाकलापहरुमा ( तरकारी खेती, फलफूल खेती, बाख्रा पालन, बंगुर पालन, हाँस-कुखुरापालन, माछ्रा पालन आदि) आबद्ध गराई रोजगारी तथा आयआर्जनमा बृद्धि गर्न अनुदान, ऋण तथा तालिमको व्यवस्था गरिनेछ।
- गाउँपालिका लगायत सबै वडाहरुमा कृषि तथा पशु सेवा केन्द्र बिस्तार गरी कृषि र पशु सेवालाई सहज र सर्वसुलभ बनाईनेछ।
- ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना तथा अन्य सरोकारवाला निकायहरुको सहकार्यमा जिविकोपार्जन सुधार सम्बन्धि रणनीतिक योजना बनाई कार्यान्वयन गरिनेछ।

<u>३. भूमी व्यवस्थापन:</u>

- जनताले घर, घरेडी, खेतिपाती, व्यवसाय तथा यस्तै अन्य प्रयोजनका लागि भोगचलनमा ल्याएका पर्ति ऐलानी जग्गाहरु नियमानुसार सम्बन्धित व्यक्तिहरुको नाउँमा दर्ता गरी जग्गा धनी प्रमाण पूर्जा उपलब्ध गराउन आवश्यक पहल गरिनेछ।
- आलिताल - ५ स्थित गाउँ कार्यपालिका कार्यालयले ओगटेको सार्वजनिक जग्गा नियमानुसार गाउँपालिका कार्यालयको स्वामित्व कायम गरी उक्त क्षेत्रमा गाउँपालिका कार्यालय, विभिन्न विषयगत सार्वजनिक कार्यालयहरु, सभाहल र खेल मैदान जस्ता संरचनाहरु सहित गाउँपालिका सदरमुकामको रुपमा विकास गरिनेछ।

- विभिन्न सामुदायिक संघ, संस्था, विद्यालय, बजार क्षेत्र, मठ मन्दिर, चौतारो आदिले भोगचलन गरेको जग्गाहरु छुट्याई नियमानुसार सम्बन्धित संघ संस्थाको नाममा स्वामित्व कायम गर्न आवश्यक पहल गरिनेछ ।
- गाउँपालिका अर्न्तगत रहेका अति विपन्न र लोपोन्मुख सामुदाय/परिवारका लागि आवास व्यवस्थापनका साथै आवश्यक आयमूलक कार्यक्रम संचालन गरी जीविकोपार्जनमा सहयोग पुऱ्याइनेछ ।
- गाउँपालिका अर्न्तगत बाढी पहिरोबाट उच्च जोखिममा रहेका बस्तीहरुको संरक्षणका लागि आवश्यक योजना बनाई कार्यान्वयन गरिनेछ ।
- गाउँपालिका अन्तर्गत रहेका भूमिहिन, मुक्तहलिया तथा सुकुम्बासीहरुको पहिचान गरी उत्थानका लागि आवश्यक पहल गरिनेछ ।

४. सिंचाई तथा जलाधार क्षेत्र संरक्षणः

- गाउँपालिका अर्न्तगत बिगत देखि संचालित कुलो, नहर, पोखरी लगायतका सिंचाई सुविधाको संरक्षण, सम्बर्द्धन र मर्मत सम्भारका साथै स्तरोन्नति गर्ने कार्यमा जोड दिइनेछ ।
- साना सिंचाई आयोजनाहरुको आवश्यकता पहिचान, सम्भाव्यता अध्ययन गरी प्राथमिकताक्रम निर्धारण गरी स्रोतको आधारमा कार्यान्वयन गरिनेछ तथा ठूला सिंचाई आयोजना कार्यान्वयनका लागि सम्बन्धित निकायमा पहल गरिनेछ ।
- सिचाई सुबिधा बिस्तार गर्नु पर्ने बस्तीहरुको आवश्यता, श्रोत तथा सम्भाव्यता हेरी कुलो, नहर, पोखरी, लिफ्ट सिंचाई, थोपा सिंचाई, डिप बोरिङ  आदि  विविध प्रविधीमा आधारित सिंचाई सुविधा निर्माण गरि कृषि उत्पादन बृद्धि गर्न जोड दिईनेछ । डिप बोरिङ प्रविधिको पूर्व सम्भाव्यता अध्ययन गरिएको छ ।
- राष्ट्रपति चुरे संरक्षण तथा विकास कार्यक्रम लगायत विभिन्न सरकारी तथा गैरसरकारी संघ संस्थाहरुसंग समन्वय र सहकार्य गरी आलितालको संरक्षण र विकासका साथै संकटमा परिरहेका पानीका मुहान तथा जलाधार क्षेत्र संरक्षण, जैविक विविधताको संरक्षण र बाढी पहिरो नियन्त्रण जस्ता कार्यक्रमहरुलाई निरन्तरता दिंदै अझ प्रभावकारी बनाईनेछ ।

५. शान्ति सुरक्षा तथा सामाजिक न्यायः

- गाउँपालिका क्षेत्र भित्र शान्ति, अमनचयन र जनताको जीउधनको सुरक्षाको निमित्त स्थानीय सुरक्षा निकायहरुलाई थप व्यवस्थित, क्रियाशील र जनमुखी बनाउदै लगिनेछ ।
- आम नागरिकलाई चुस्त, दुरुस्त र भरपर्दो सुरक्षा व्यवस्थाको महशुस गराउन, गाउँपालिकाको स्रोतसाधन तथा आवश्यकताको आधारमा स्थानीय युवा युवतीहरुलाई सामुदायिक स्वयम्सेवकको रुपमा परिचालन गरिनेछ ।
- समुदायमा हुने विभिन्न खाले घटना तथा मुद्दा ममिलाहरु निष्पक्ष र न्यायोचित रुपमा छिनोफानो गरी जनतालाई न्यायको प्रत्याभुति दिलाउन गाउँपालिकाको न्यायिक समितिको भूमिकालाई प्रभावकारी बनाईनेछ ।
- समाजमा विद्यमान जुवातास, मदिरा, धुम्रपान लगायत विभिन्न अवैध लागु पदार्थ र अन्य अवैध क्रियाकलापहरुको नियमन, नियन्त्रण र निषेध सम्बन्धमा स्थानीय जनताको राय, सल्लाह र सुझाव बमोजिम आवश्यक नियम तथा कार्यविधिहरु बनाई कार्यान्वयन गरिनेछ ।

६. सडक यातायात/पुल पुलेसाः

- गाउँपालिकाका सबै वडा तथा बस्तीहरुलाई सडक सञ्जालले जोडने नीति अनुरुप निर्माणाधिन सम्पूर्ण ग्रामिण तथा कृषि सडकहरुको स्तरोन्नति तथा विस्तार कार्यलाई निरन्तरता दिईनेछ । जस अन्तर्गत आ.व. २०७४/७५ मा करिब ३० कि.मि.सडक सफाई तथा स्तरोन्नति गरी यातायात सुचारु गरिएको र करिब ४० कि.मि.बिभिन्न नयाँ ग्रामीण सडकहरुको ट्र्याक निर्माण भएको छ । आ.व. २०७५/०७६ मा गाउँपालिका तथा वडास्तरबाट उक्त सडकहरुको स्तरोन्नतिका साथै विस्तार गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।
- सडक निर्माण कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन निर्माण पूर्व सडकहरुको सर्वे, डिजाईन र ड्रइङ तयार गरिनेछ । यसका लागि आवश्यक बजेट व्यवस्था गरिएको छ ।

- गाउँपालिका अन्तर्गतका सडकहरु बर्षायामको समयपछि सुचारु गर्नका साथै अत्यावसकीय निर्माण कार्य गर्नका साथै विभिन्न विपदजन्य घटनाहरुमा प्रयोग गर्न गाउँपालिकाको आफ्नै ब्याक हो लोडरको ब्यवस्था गरिएको छ ।
- विभिन्न सडक मार्ग लगायत नदी घाटहरुमा सडक पूल निर्माण गर्ने लक्ष्य बमोजिम गोदामबजार देखि गाउँपालिका केन्द्र बीच पर्ने सुनखोलामा पूल निर्माणको लागि सर्वे तथा माटो परीक्षण कार्य सम्पन्न भएको छ । यसैगरी  रंगुन नदीको घुम्ती/द्वालीखेत देखि रक्सौन सम्म करिब २२० मिटर लामो ट्रस पूल र वडा नं. १ को टाँकखोलामा झोलुङ्गे  पूलको सर्वे कार्य सम्पन्न भएको छ । यसैगरी घुम्ती आलिताल पर्यटन सडकमा पर्ने रंगुन नदी, आलिताल गाङखेत सडकको मणेलाघाट, जाल्टुंडा-बेल्भाडी, गाँखेत खोला, लगायत बिभिन्न सडक मार्गहरुमा पर्ने खोलाहरुमा यथासक्य शीघ्र सडक पुल र अन्य आवश्यक स्थानहरुमा झोलुङ्गे पूल निर्माणको लागि आवश्यक पहल गरिनेछ ।

७. बिद्युत तथा उर्जाः

- गाउँपालिका भित्रका सम्पूर्ण गाउँ बस्तीहरुमा यथासक्य शीघ्र बिद्युत सुविधा पुऱ्याउन नेपाल विद्युत प्राधिकरणसँग सहकार्य गर्दै विद्युत लाईन विस्तार तथा मर्मत सुधार कार्यलाई उच्च प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ ।
- बैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र सँगको सहकार्यमा गोदामबजार र घरेलुबजारमा सडक सौर्य बत्ती जडान गरिएको छ भने उक्त कार्यलाई निरन्तरता दिंदै सबै बजार क्षेत्रहरु र सार्वजनिक तथा धार्मिक स्थलहरुमा सौर्य बत्ती जडान गर्दै लगिनेछ ।
- विभिन्न संघसंस्था र स्थानीय समुदायसँगको  सहकार्यमा विभिन्न बैकल्पिक उर्जा तथा विद्युत सम्बन्धी अन्य योजना तथा कार्यक्रमहरु (लघु जलविद्युत, सोलार सिस्टम, बायो ग्यास, वायु ऊर्जा आदि) सञ्चालन गरि विद्युत सेवामा बृद्धि गर्न आवश्यक पहल गरिनेछ ।

८. धार्मिक, सांस्कृतिक तथा पर्यटन विकासः

- यस गाउँपालिका स्थित धार्मिक पर्यटकीय सम्भावनायुक्त आलितालको संरक्षण तथा विकासका लागि राष्ट्रपति चुरे संरक्षण कार्यक्रमसँगको सहकार्यमा तालको चारैतिर पक्की पैदलमार्ग निर्माण, बनभोज स्थल निर्माण, तालको पानी निकास सुधार, छहारी घर निर्माण लगायत पाँचवटा डुङ्गा खरिद गर्ने कार्य सम्पन्न भएको छ । यसै गरि आलिताललाई नेपाल पर्यटन बोर्डमा दर्ता,  पर्यटन क्षेत्र घोषणा गर्नका

साथै तालको संरक्षण तथा विकासका लागि बृहत गुरुयोजना तयार गरी कार्यान्वयन गर्न बजेटको व्यवस्था गरेको छु ।

- आलिताललाई चिनाउने उद्देश्यका साथ आलिताल पर्यटन वर्ष २०७५ मनाईने छ र यस अन्तर्गत आलिताल पर्यटन तथा सांस्कृतिक महोत्सव आयोजनाको लागि बजेटको व्यवस्था गरेको छु ।
- यसैगरी महाभारत भागेश्वर, घण्टेश्वर क्षेत्र, जोसिना झरना, शहीद भीमदत्त पन्तको बीरगति प्राप्त स्थान गल्लेक आदि ठाउँहरुलाई ऐतिहासिक तथा धार्मिक पर्यटन क्षेत्र घोषणा गरी पर्यटन प्रवर्द्धन सम्बन्धी विभिन्न कार्यक्रमहरु कार्यान्वयन गरिनेछ ।
- गाउँपलिका अन्तरगत रहेका विभिन्न देवी देवताका मन्दिर तथा धार्मिक स्थलहरुको संरक्षण, सम्बर्द्धन र विकासका लागि आवश्यक योजना बनाई कार्यान्वयन गरिनेछ ।
- स्थानीय कला संस्कृतिको संरक्षण, संबर्द्धन र विकासका लागि विभिन्न क्रियाकलापहरु सञ्चालन गरिनेछन ।

९. <u>सूचना तथा सञ्चार:</u>

- गाउँपालिका अन्तर्गत आवश्यक पर्ने ठाउँमा अत्याधुनिक दूरसञ्चार टावर निर्माण गराई सञ्चार सेवाहरु सर्वसुलभ बनाउन आवश्यक पहल गरिनेछ । जस अन्तर्गत वडा नं ६ को धिमडा स्थित टेलिफोन टावर निर्माण कार्य पुनः सञ्चालनमा आएको छ ।
- हालसम्म ईन्टरनेट सेवाबाट बञ्चित गाउँपालिकामा निजी कम्पनीमार्फत ईन्टरनेट सेवा जडान गरिएको छ । जसबाट कार्यालयको कामकाजमा सहजता आएको छ भने स्थानीय बैंक तथा वित्तीय संस्थाहरुको कामकाजमा समेत मद्दत पुग्नेछ ।
- गाउँपालिका भित्रको हुलाक सेवालाई थप व्यवस्थित गरिनेछ ।
- गाउँपालिका क्षेत्रभित्र एफ.एम. तथा पत्रपत्रिका सञ्चालन गर्न इच्छुक व्यक्ति तथा संघ संस्थाहरुलाई नियमानुसार अनुमति प्रदान गर्नका साथै अन्य आवश्यक सहयोग गरिनेछ ।
- गाउँपालिकाको आन्तरिक प्रशासन सुधार, घरनक्सा, जिन्सी, राजश्व संकलन, पञ्जिकरण आदि व्यवस्थापनका लागि कार्य सञ्चालन अझ छिटोछरितो र प्रभावकारी बनाउन सफ्टवेयर प्रणाली लागु गरिनेछ ।

- गाउँ कार्यपालिका कार्यालयमा एक सूचना शाखा तथा सूचना अधिकारीको व्यवस्था गरी सूचना प्रणालीलाई व्यवस्थित र प्रभावकारी बनाईनेछ ।

१०. वन, वातावरण तथा विपद् व्यवस्थापनः

- वन तथा वातावरणको संरक्षण, सम्बर्द्धन तथा दिगो उपयोग र बिकासका लागि वन बिज्ञको सहयोग लिई सामुदायिक वन उपभोक्ता समूहको क्षमता अभिबृद्धिका साथै बैज्ञानिक वन व्यवस्थापन नीति तथा कार्यक्रम बनाई कार्यान्वयन गरिनेछ ।
- निजी वन, कबुलियती वन, धार्मिक वनको अवधारणा प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।
- सामुदायिक वनहरुबाट काठ संकलन र बिक्री वितरण प्रकृयालाई नियमानुसार परिमार्जन गरी काठको स्थानीय माँगलाई सुलभ बनाउन आपूर्ति समिति मार्फत उचित मूल्यमा काठ दाउरा सदुपयोग तथा बिक्री बितरण गर्ने व्यवस्था मिलाईनेछ ।
- “स्वच्छ र सुन्दर आलिताल” भन्ने अभियानका साथ गाउँपालिका अन्तरगत रहेका विभिन्न सार्वजनिक स्थलहरु लगायत खाली क्षेत्र र विशेष गरी निर्माण गरिएका सडक किनाराहरुमा बृक्षारोपण अभियान सञ्चालन गरी स्वच्छ, सफा र हराभरा वातावरण निर्माण गरिनेछ । यसका लागि गाउँपालिका र इलाका वन कार्यालयको सहकार्यमा करिब ६० हजारभन्दा बढी विभिन्न प्रजातिका विरुवा उत्पादन गर्न इ.ब.का. परिसरमा नर्सरी स्थापना गरिएको छ भने आगामी बर्ष १ लाखभन्दा बढी बिरुवा उत्पादनका लागि गाउँपालिका परिसरमै हाइटेक नर्सरी स्थापना गर्न बजेटको व्यवस्था गरेको छु ।
- यस क्षेत्रमा रहेका अमूल्य र दुर्लभ बनस्पति तथा बन्यजन्तुहरुको संरक्षणका लागि आवश्यक पहल गरिनेछ ।
- रंगुननदी, सुनखोला, डायनीखोला, गोरियाखोला लगायत विभिन्न खहरे खोलाहरुबाट बर्षेनी हुने क्षति रोक्न नदी नियन्त्रण तथा तटबन्ध गुरुयोजना निर्माण तथा कार्यान्वयनको लागि सम्बन्धित निकायमा पहल गरिनेछ ।
- बाढी, पहिरो, नदी कटान, भूस्खलनबाट जोखिमयुक्त स्थान/क्षेत्रहरुको सर्वेक्षण, अध्ययन अवलोकन गरी आवश्यक योजना सहित कार्यान्वयन गरिनेछ ।

- दैवी प्रकोपजन्य घटना न्यूनिकरण गर्न सरोकारवाला संघसंस्थाहरुसँगको समन्वय र सहकार्यमा विपद् व्यवस्थापनसँग सम्वन्धित आवश्यक सामाग्रीहरु जगेडा राखिनुका साथै विपद व्यवस्थापन कोषको समेत व्यवस्था गरिएको छ।

११. शिक्षाः

- गाउँपालिका अन्तरगतका सम्पूर्ण सामुदायिक विद्यालयहरुमा प्रारम्भिक बाल बिकास कक्षा सञ्चालन गरिनेछ। यसका लागि रु २० लाख बजेट बिनियोजन गरेको छु।
- विद्यालयहरुमा कार्यरत निजी स्रोतका शिक्षकहरुको पारिश्रमिकको ठूलो भार थेग्दै आएका अभिभावकहरुको पीडा महशुस गरी गाउँपालिका अन्तर्गत रहेका मा.वि. तथा आधारभूत विद्यालयहरुका लागि शैक्षिक अनुदान उपलब्ध गराउने गरी रु ७५ लाख बजेट विनियोजित गरेको छु। जस अन्तर्गत विद्यालय कर्मचारीहरुलाई समेत प्रोत्साहित गरिनेछ।
- आधारभूत तथा माध्यमिक तहका सामुदायिक विद्यालयहरुमा शैक्षिक एवं भौतिक गुणस्तर सुधारका लागि आवश्यक योजना तथा कार्यक्रम तर्जुमा गरी संचालन गरिनेछन्।
- विद्यालयहरुको अवस्था अध्ययन गरी आवश्यकता अनुसार भवन निर्माण, घेरबार, फर्निचर, शौचालय, खानेपानी, खेल मैदान, पुस्तकालय, वाचनालय, प्रयोगशाला आदिको व्यवस्था मिलाउन आवश्यक पहल गरिनेछ।
- माध्यमिक तहका सामुदायिक विद्यालयहरुमा ईन्जीनियरिङ्ग, स्वास्थ्य, कृषि, भेटेरीनरी, पत्रकारिता जस्ता बिभिन्न प्राविधिक शिक्षा सम्बन्धी कक्षा संचालन गर्न पहल गरिनेछ।
- स्थानीय स्तरमा नै उच्च शिक्षा हासिल गर्ने अवसर श्रृजना गर्न आलिताल बहुमुखी क्याम्पस स्थापनाका लागि आवश्यक पहल गरिनेछ।
- अनौपचारिक तथा जीवनोपयोगी शिक्षाको लागि सामुदायिक सिकाई केन्द्रहरुलाई अझ क्रियाशिल बनाईनेछ।
- गाउँपालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयहरुलाई अंग्रेजी माध्यमबाट अध्ययन अध्यापन गराउन प्रोत्साहन गरिनेछ , साथै सर्वोत्कृष्ट नतीजा सहित जेहेन्दार विद्यार्थी उत्पादन गर्ने विद्यालयलाई प्रोत्साहन स्वरुप पुरुस्कार तथा अन्य आवश्यक सहयोग उपलब्ध गराईनेछ।

- सामुदायिक विद्यालयको स्तरोन्नति र विद्यालय शिक्षाको गुणस्तरमा बृद्धि गर्न नमूना विद्यालय कार्यक्रम सञ्चालन गरिनेछ ।
- विद्यालय पुर्वाधार वाहय वातावरण सुधारका लागि बजेट व्यवस्था गरि स साना पूर्वाधार मर्मत सुधारका लागि र प्रकोपबाट क्षति ग्रस्त विद्यालयका भौतिक संरचनाहरुको मर्मत सम्भार गर्न समुदायलाई सहयोग गरिनेछ ।

१२. स्वास्थ्य, पोषण तथा सुरक्षित मातृत्व :

- आलिताल स्वास्थ्य चौकीलाई अस्पतालमा स्तरोन्नति गर्न नेपाल सरकार स्वास्थ्य मन्त्रालय र जर्मन सरकारको सहयोगमा ५ शैयाको अस्पताल निर्माणको लागि प्रारम्भिक सम्झौता भई सर्वे कार्य सम्पन्न भैसकेको र जग्गा व्यवस्थापन लगायत अन्य प्रक्रियाहरु अघि बढीरहेकोमा यथाशक्य शिघ्र अस्पताल निर्माण कार्य सञ्चालन गर्न पहल गरिनेछ ।
- आलिताल स्वास्थ्य चौकीमा विरामीहरुका लागि एम्बुलेन्स सेवा सुचारु भइसकेको र गाडखेत स्वास्थ्य चौकीमा समेत एम्बुलेन्स सेवा सुचारु गर्न रु १३ लाख बजेट विनियोजन गरेको छु ।
- गाउँपालिका अन्तरगत सञ्चालनमा रहेका स्वास्थ्य सेवा केन्द्र/बर्थिङ्ग सेन्टरहरुलाई थप व्यवस्थित र सुविधा सम्पन्न बनाउन विशेष जोड दिइनेछ, साथै प्रत्येक वडाहरुमा स्वास्थ्य सेवा केन्द्र र बस्तिहरुमा स्वास्थ्य क्लिनिक/खोप केन्द्रहरु स्थापना तथा व्यवस्थापन गरी स्वास्थ्य सेवा सर्वसुलभ बनाईनेछ ।
- आबधिक रुपमा वडा तथा समुदाय स्तरमा बिशेषज्ञ डाक्टर सहितको स्वास्थ्य शिबिर संचालन कार्यक्रमलाई निरन्तरता दिईनेछ । यसका लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।
- नेपाल सरकारले निःशुल्क गरेका सबै औषधी तथा स्वास्थ्य सेवाहरु अस्पताल तथा स्वास्थ्य केन्द्रहरुबाट निःशुल्क उपलब्ध गराइनेछ ।
- मुटु, मृगौला, क्यान्सर, प्यारालाईसिस जस्ता जटिल रोगबाट पीडित रोगीहरु तथा गम्भीर चोटपटकबाट घाईते व्यक्तिहरुको उपचारका लागि सहयोग तथा पहल गरिनेछ ।
- अति विपन्न, अपाङ्ग, जेष्ठ नागरिक, एकल महिला/पुरुष तथा बेसहारा वर्गहरुका लागि निःशुल्क स्वास्थ्य उपचारको व्यवस्था मिलाइनेछ ।
- गाउँपालिका अन्तरगत रहेको आयुर्बेदिक औषधालयलाई डाक्टर सहित स्तरोन्नति गरी स्तरीय स्वास्थ्य सेवा प्रदान गर्न आवश्यक पहल गरिनेछ ।

- बहुक्षेत्रीय पोषण कार्यक्रमको सहकार्यमा सुरक्षित मातृत्व, एक घर एक करेसाबारी जस्ता कार्यक्रमहरु निरन्तरता दिंदै खाद्य तथा पोषण कार्यक्रमलाई अझ प्रभावकारी रुपमा संचालन गरिनेछ ।
- समुदायस्तरमा स्वास्थ्य सेवामा महत्वपूर्ण योगदान दिंदै आएका महिला स्वास्थ्य स्वयम् सेविकाहरुको उत्प्रेरणा अभिवृद्धिका लागि आवश्यक कार्यक्रम बनाई कार्यान्वयन गर्न बजेटको व्यवस्था गरेको छु ।

१३. निजी क्षेत्र र लगानी मैत्री बातावरण:

- गाउँपालिका क्षेत्रभित्र उपलब्ध स्रोत साधनको अध्ययन र अनुसन्धान गरी निजी लगानीमा उद्योग व्यवसाय सञ्चालन गर्न लगानी मैत्री वातावरण सृजना गरिनेछ ।
- स्थानिय श्रोत साधन तथा कच्चा पदार्थमा आधारित विभिन्न साना तथा मझौला उद्योग, कृषि तथा पशुजन्य उद्योग, सहकारी आदी सरकारी एवं सामुदायिक स्तरबाट संञ्चालन गरि रोजगारीको अवसर श्रृजना गरिनेछ ।
- वन पैदावारमा आधारित उद्योगहरु, जडीबुटी तथा खोटो संकलन तथा प्रशोधन उद्योग, सः मिल, फर्निचर तथा काष्ठ उद्योग, पानी प्रशोधन उद्योग आदिको स्थापना तथा प्रबर्द्धन गरी स्थानीय स्तरमा रोजगारी श्रृजना गरिनेछ ।
- गाउँपालिका क्षेत्रभित्र खेर गई रहेका ढुंगा, गिट्टी, बालुवा जस्ता प्राकृतिक श्रोतको संरक्षण, सम्बर्द्धन र उपयोग गरी गाउँपालिकाको आर्थिक श्रोत बृद्धि गर्न सम्भाब्यता अध्ययन गरी क्रसर उद्योग, ब्लक, ह्युमपाईप आदि उद्योग स्थापनाको लागि पहल गरिनेछ । यसको लागि सम्भाव्यता अध्ययन तथा वातावरणीय प्रभाव मुल्यांकनका लागि बजेटको व्यवस्था गरेको छु ।

१४. खानेपानी र सरसफाई:

- खानेपानी तथा सरसफाईको क्षेत्रमा कार्यरत ग्रामीण जलश्रोत व्यवस्थापन परियोजना लगायत अन्य सरकारी तथा गैर सरकारी संघसंस्थाहरुसँग सहकार्य गर्दै दीर्घकालीन गुरुयोजनाको आधारमा गाउँपालिका अन्तर्गतका सम्पूर्ण टोल बस्तीहरुमा शुद्ध खानेपानी सेवा विस्तार गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।
- गाउँपालिका अन्तरगत बिगतमा सञ्चालित खानेपानी योजनाहरुको मर्मत सम्भार तथा स्तरोन्नति गर्ने, साथैबस्ती स्तरको सम्भाब्यता अध्ययन गरी आवश्यकता अनुसार नयाँ खानेपानी योजनाहरु संचालन तथा सम्पन्न गर्दै लगिनेछ ।

- स्रोतको अभावमा खानेपानीको सुविधाबाट बञ्चित गाउँ बस्तीहरुमा सम्भाब्यता अध्ययन गरी लिफ्ट खानेपानी, डिप बोरिङ प्रविधीबाट शुद्ध खानेपानी उपलब्ध गराउन आवश्यक पहल गरिनेछ ।
- शुद्ध खानेपानी तथा पूर्ण सरसफाई कार्यक्रमलाई अभियानको रुपमा संचालन गरिनेछ ।
- खानेपानीको दिगोपनका लागि मुहान संरक्षण, घेरबार, बृक्षारोपण जस्ता बिभिन्न कार्यक्रमहरु संचालन गरिनेछन ।
- फोहरमैला बर्गीकरण गरी उचित ब्यवस्थापन गर्न Sanitary Landfill Site को ब्यवस्था गरिनेछ ।
- बजार तथा सार्वजनिक स्थलहरुमा सार्वजनिक शौचालय निर्माण तथा व्यवस्थापन गरिनेछ ।
- बजार क्षेत्रको फोहोरमैला व्यवस्थापनका लागि कन्टेनर राख्न र प्रयोग गर्ने व्यवस्था मिलाईनेछ ।

१५. बजार नियमन तथा उपभोक्ता हित संरक्षण:

- गाउँपालिका अन्तरगत सञ्चालनमा रहेका र सञ्चालन हुने सम्पूर्ण उद्योग, व्यवसायहरु अनिवार्य रुपमा गाउँपालिका कार्यालयमा दर्ता एवं नवीकरण गर्ने व्यवस्था मिलाईनेछ ।
- उपभोक्ताको हित तथा अधिकार संरक्षण र सम्बर्द्धनको लागि बजार व्यवस्थापन समिति मार्फत निरन्तर बजार अनुगमन गर्ने, उपभोक्ता जागरण अभियान संचालन गर्ने र उपभोक्तालाई अनावश्यक ठगीबाट बचाउन प्रत्येक पसलमा अनिवार्य मूल्य सूचि राख्ने ब्यवस्था मिलाईनेछ ।
- मदिराजन्य, सुर्तिजन्य पदार्थको बिक्री वितरण तथा उपभोग ब्यवस्थित बनाउन आवश्यक नीति तथा कार्यक्रम बनाई लागु गरिनेछ ।

१६. बस्ती बिकास तथा बजारीकरण:

- गाउँपालिका अन्तर्गत् सम्भाब्य स्थानहरुमा एकिकृत बस्ती बिकास गुरुयोजना तथा बजारीकरणका लागि आवश्यक पूर्वाधारहरु सहित मापदण्डहरु निर्धारण गरि कार्यान्वयन गरिनेछ ।
- भवन निर्माण आचार संहिता निर्माण गरि गाउँपालिका अन्तरगत निर्माण गरिने सार्वजनिक तथा नीजि भवन/घरहरु निर्माण गर्नुपूर्व गाउँपालिका कार्यालयबाट अनिवार्य रुपमा नक्सा पास गराई निर्माण अनुमति लिने व्यवस्था मिलाइनेछ ।
- गाउँ बस्तीस्तरमा टोल विकास समिति गठन तथा परिचालन गरी सरसफाइ लगायत अन्य सुधारात्मक क्रियाकलापहरु सञ्चालन गरिनेछन ।

१७. युवा तथा खेलकुद

- खेलकुदको विकासको लागि व्यबस्थित खेलमैदान निर्माण कार्य प्रारम्भ गर्न बजेटको व्यवस्था गरेको छु ।
- गाउँपालिकामा आबधिक रुपमा विभिन्न खालका खेलकुद प्रतियोगिताहरु आयोजना गरी उत्कृष्ट खेलाडीहरुलाई सम्मान तथा पुरुस्कृत गर्दै खेलाडीहरुको प्रतिभा विकास गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

१९. स्थानीय कर तथा स्रोत अभिबृद्धिः

- सम्पूर्ण उद्योग धन्दा तथा व्यापार ब्यवसायहरुलाई अभिलेखिकरण गरी कानून बमोजिम कर निर्धारण गरी राजश्वका श्रोतहरु बृद्धि गरिनेछ ।
- स्थानीय तहबाट उठाईने कर, राजश्व, शुल्क, दस्तुर आदि व्यवस्थित र नियमन गरि राजश्व संकलनलाई प्रभावकारी र पारदर्शी बनाइनेछ ।
- गाउँपालिका क्षेत्रबाट निकासी हुने प्राकृतिक तथा सार्वजनिक बस्तुहरुमा समय सापेक्षित कर निर्धारण तथा संकलन गरी गाउँपालिकाको आन्तरिक श्रोत बृद्धि गरिनेछ ।

२१. युवा स्वरोजगार एवं सशक्तिकरणः

- गाउँपालिका अन्तर्गत रहेका बेरोजगार युवा, युवतीहरुको लगत संकलन गरी उनीहरुको सीप, योग्यता र क्षमता अनुसार रोजगारीको व्यवस्था गर्न निरन्तर पहल गरिनेछ ।
- बेरोजगारीलाई घटाउन विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थाहरुको समन्वय र सहकार्यमा क्षमता अभिबृद्धि गर्न विभिन्न सीपमुलक तथा युवा स्वरोजगार सम्बन्धी विशेष कार्यक्रमहरु संचालन गरिनेछन ।
- गाउँपालिका क्षेत्रमा श्रृजना हुने रोजगारीका अवसरमा स्थानीय युवा/युवतीहरुलाई विशेष प्राथमिकता दिइनेछ ।
- लघु तथा साना उद्योगहरु सञ्चालन गर्ने युवा युवतीहरुलाई सहुलियत तथा प्रोत्साहन स्वरुप बिउ पूँजी र आवश्यक ऋणको व्यवस्था मिलाइनेछ ।
- बेरोजगार युवायुवतीहरुलाई व्यावसायिक कृषि तथा पशुपालनमा उत्प्रेरित गर्न नमूना कृषि तथा पशुपालन फार्म सञ्चालनका लागि रु ३० लाख बजेट बिनियोजन गरेको छु ।

२२. सामाजिक सुरक्षा तथा लक्षित वर्ग उत्थान कार्यक्रमः

- दलित, आदिवासी जनजाती, महिला, अपाङ्ग, अल्पसंख्यक तथा पछाडी परेका लक्षित वर्गको उत्थान, संरक्षण र विकासका लागि आर्यआर्जन, सीप बिकास, तालिम, रोजगारी, व्यवसाय बिकास जस्ता विशेष कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- जेष्ठ नागरिकहरुलाई विशेष सम्मान तथा हौसला प्रदान गर्न जेष्ठ नागरिक सम्मान तथा अभिनन्दन कार्यक्रम सञ्चालन गरिनेछ ।
- जेष्ठ नागरिक, एकल महिला, अपाङ्ग, अल्पसंख्यक, दलित आदि वर्गले नेपाल सरकारबाट प्राप्त गर्ने सामाजिक सुरक्षा भत्ता सहज रुपमा वडा कार्यालयबाट वितरण गर्ने कार्यलाई निरन्तरता दिँदै अझ व्यवस्थित र प्रभावकारी बनाईनेछ ।
- द्वन्द्व पीडित व्यक्ति तथा परिवारहरुलाई राहतका लागि आवश्यक पहल गरिनेछ ।

२३. दीर्घकालिन योजना तथा कार्यक्रमः

- यस गाउँपालिका अन्तरगत अति आवश्यक भएका तर स्थानीय तहको बजेटबाट कार्यान्वयन गर्न नसकिने ठूला तथा दीर्घकालिन योजना तथा कार्यक्रमहरु छनौट तथा कार्यान्वयनका लागि जिल्ला समन्वय समिति, डडेल्धुरा मार्फत ७ नं. प्रदेश सरकार तथा संघीय सरकारका विभिन्न मन्त्रालय तथा विभागहरुमा माग अनुरोध गरी पठाउने प्रस्ताव गरिएको छ ।
- यस गाउँपालिकाबाट सञ्चालन गरिएका विभिन्न क्रमागत योजनाहरुलाई आवश्यकतानुसार निरन्तरता दिई सम्पन्न गरिनेछ ।

आदरणिय महानुभावहरु,

हाम्रो एक वर्षको अनुभवबाट सिक्दै हामीलाई प्राप्त बजेटको सही सदुपयोग गर्नेतर्फ हामी सबैको ध्यान जान जरुरी छ र यसका लागि यस गाउँपालिकाका सम्पूर्ण जनप्रतिनिधि लगायत कर्मचारीहरु जिम्मेवारीपूर्वक लाग्न सबै साथीहरुलाई मैले पटकपटक आग्रह गर्दै आएको छु । पक्कै पनि आलितालको विकास र यहाँका जनताको समृद्धि हामी सबैको साझा एजेण्डा हुनेछ र हामी सबै एक भएर यसमा जुटने छौ ।

अव म आगामी आ.व. ०७५/०७६ मा  नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त अनुदान तथा राजस्व आय प्रक्षेपण छोटकरीमा प्रस्तुत गर्ने अनुमती चाहन्छु ।

चालु आ.व. मा आय तर्फ नेपाल सरकार अर्थ मन्त्रालयबाट बित्तिय समानिकरण अनुदान अन्तरगत् रु. ७ करोड २७ लाख, राजस्व बाँडफाँडबाट रु ६ करोड ४५ लाख १३ हजार, सशर्त अनुदान तर्फ रु.१३ करोड २१ लाख, प्रदेश सरकारबाट वित्तीय समानीकरण अनुदान रु ६६ लाख ३६ हजार र राजस्व बाँडफाँडबाट रु २० लाख ६८ हजार, आ.व. २०७५/०७६ को राजश्व आय प्रक्षेपण रु. ३६ लाख, अघिल्लो वर्षको अनुमानित मौज्दात रु. ८६ लाख गरि आ.व. २०७५/०७६ को कुल बजेट रु. २९ करोड २ लाख १७ हजार मात्र अनुमान गरिएको छ।

त्यसै गरि आ.व. २०७५/७६ को अनुमानित खर्च अन्तर्गत शसर्त अनुदान तर्फ राष्ट्रिय ग्रामीण उर्जा कार्यक्रम तर्फ रु १३ लाख ५७ हजार, कृषि विकास तर्फ रु १० लाख ७७ हजार, पशु सेवा तर्फ रु ७ लाख ४४ हजार, वातावरणीय सरसफाई तर्फ रु ३ लाख ५७ हजार, सामुदायिक तथा कबुलियती बन विकास कार्यक्रम तर्फ रु २ लाख, समाज कल्याण कार्यक्रम तर्फ रु १ लाख ३० हजार, बाल कल्याण कार्यक्रम तर्फ रु ३३ हजार, महिला विकास कार्यक्रम तर्फ रु ५ लाख ८२ हजार, शिक्षातर्फ रु ८ करोड ३९ लाख ७० हजार, ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना तर्फ रु ३ करोड १० लाख ४४ हजार, स्वास्थ्य तर्फ रु १ करोड ३१ हजार र आयुर्वेद तर्फ रु २५ लाख ५५ हजार गरी कूल रु १३ करोड २१ लाख, त्यसैगरी चालु तथा प्रशासनिक खर्च रु.४ करोड ५५ लाख ३२ हजार, पुंजीगत तर्फ प्रत्येक वडालाई रु ६० लाखका दरले रु ४ करोड ८० लाख र गाउँपालिकास्तरिय योजना कार्यक्रम अन्तर्गत रु ६ करोड ४५ लाख ८५ हजार गरी जम्मा रु. ११ करोड २५ लाख ८५ हजार विनियोजन गरिएको छ। उक्त विनियोजन मध्ये सडकतर्फ रु ९५ लाख, खानेपानी तथा सरसफाईतर्फ रु १० लाख, साना सिंचाईतर्फ रु ५ लाख, भवन निर्माणतर्फ रु ४५ लाख, उद्योग तथा पर्यटन विकासतर्फ रु ५२ लाख, कृषि तथा पशु विकासतर्फ रु ५५ लाख, शिक्षातर्फ रु १ करोड ८ लाख, ७५ हजार, स्वास्थ्यतर्फ रु ४२ लाख १० हजार, भाषा संस्कृतितर्फ रु ६ लाख, लक्षित वर्ग कार्यक्रमतर्फ रु ११ लाख, युवा तथा खेलकुदतर्फ रु १० लाख, श्रम तथा रोजगारतर्फ रु ५ लाख, ऊर्जातर्फ रु १५ लाख, विपद व्यवस्थापन कोष रु ५ लाख, अस्पतालको लागि जग्गा खरिदतर्फ रु ३० लाख, विभिन्न कार्यक्रमको लागि समपूरक कोष रु ३० लाख, न्यायिक समिति कार्यक्रमको लागि १५ लाख, फर्निचर फिक्चर्स तथा मेशिनरीतर्फ रु ३० लाख, भैपरी आउने पूजीगततर्फ रु ४० लाख बिनियोजन गरेको छु। उक्त बजेट यस गाउँपालिकाले आ.व. २०७४/०७५ मा सञ्चालन गरेका क्रमागत योजनाहरु, गाउँपालिकाका गौरबका विशेष योजना तथा कार्यक्रमहरु लगायत बस्ती टोलबाट प्राप्त आवश्यकता तथा माग बमोजिमका योजना तथा कार्यक्रमहरु र

विभिन्न विषयगत निकायहरुसँगको साझेदारीलाई ध्यानमा राखी प्राथमिकताका आधारमा कार्यान्वयन गर्ने गरी बिनियोजन गरिएको छ ।

आदरणिय महानुभावहरु,

योजना तर्जुमा र बजेटको विनियोजनले मात्रै अपेक्षित नतिजा हासिल गर्न सकिँदैन, त्यसका लागि प्रभावकारी कार्यान्वयन र अनुगमनको आवश्यकता पर्दछ । यस क्रममा सवै राजनैतिकदल, जनप्रतिनिधिहरु, नागरिक समाज, सरकारी कार्यालय, गैरसरकारी संघसंस्था, उपभोक्ता समिति, निर्माण व्यवसायी, उद्योगी व्यापारी, समाजसेवी तथा आम कर्मचारीवर्ग सहित सबै गाउँवासी दाजु-भाइ दिदी-बहिनीहरुको साझा प्रतिवद्धता र प्रयास आवश्यक पर्दछ । सम्बन्धित सरोकारवालाहरु सबैबाट सदा झैं निरन्तर सहयोग प्राप्त भइरहने आशा एवं विश्वास लिएको छु ।

आदरणीय महानुभावहरू

प्रस्तुत नीति तथा कार्यक्रम तर्जुमा गर्ने क्रममा प्राप्त मार्गदर्शन, सल्लाह, सुझाव र प्रेरणाका लागि विभन्न राजनीतिक दलका प्रमुख तथा प्रतिनिधी ज्युहरु, गाउँ कार्यपालिकाका सदस्य साथीहरु, राजस्व परामर्श समितिका सदस्य ज्यूहरु, श्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिका सदस्यज्यूहरु, विषयगत् समितिका संयोजक तथा सदस्यज्यूहरु, सबैलाई हार्दिक धन्यवाद दिंदै योजना, कार्यक्रम तर्जूमा तथा बजेट बांडफांडमा सबैबाट सकारात्मक सहयोग र सहकार्यका हुने कुरामा विश्वस्त छु ।

अन्त्यमा, अति व्यस्त समयका बावजुद हाम्रो निमन्त्रणालाई स्वीकार गरी यस गाउँसभामा पाल्नुभएका सम्पूर्ण गाउँसभाका सभासद् ज्युहरु, कर्मचारी मित्रहरु लगायत उपस्थित सम्पुर्ण महानुभावहरु प्रति हार्दिक कृतज्ञता सहित आभार व्यक्त गर्दछु ।

धन्यवाद !

# आय व्ययको विवरण

आ.व.२०७५/७६

अनुसूची-१

रु. हजारमा

| शीर्षक | आ.व. २०७४/७५ को यथार्थ | आ.व. २०७५/७६ को अनुमान | आ.व. २०७६/७७ को प्रस्तावित |
|---|---|---|---|
| **आय** | | **२९०२१७.०००** | |
| **राजस्वः** | | **७०१८१** | |
| आन्तरिक राजस्व | | ३६०० | |
| राजस्व बाँडफाँडबाट प्राप्त रकम | | ६६५८१ | |
| क) संघबाट | | ६४५१३ | |
| ख) प्रदेशबाट | | २०६८ | |
| अन्य आय | | ० | |
| **अन्तर सरकारी वित्तीय हस्तान्तरण** | | **२११४३६** | |
| नेपाल सरकारबाट प्राप्त | | २०४८०० | |
| क). सशर्त अनुदान | | १३२१०० | |
| ख) वित्तीय समानीकरण | | ७२७०० | |
| प्रदेश सरकारबाट प्राप्त | | ६६३६ | |
| क) वित्तीय समानीकरण | | ६६३६ | |
| अन्तर स्थानीय तहबाट प्राप्त | | ० | |
| चालु आ.व. बाट वित्तीय हस्तान्तरण | | ० | |
| **अन्य** | | **८६००.०००** | |
| मुल संचित खाता अनुमानित मौज्दात | | ८६००.००० | |
| सामाजिक सुरक्षा भत्ता | | ०.००० | |
| **जनसहभागिताः** | | **०** | |
| नगद सहभागिता | | ० | |
| श्रम तथा वस्तुगत सहायता | | ० | |
| **व्यय** | | **२९०२१७.०००** | |
| सामाजिक सुरक्षा भत्ता | | ०.००० | |
| सशर्त अनुदान | | १३२१००.००० | |
| चालु खर्च | | ४५५३२.००० | |
| **पूजीगत खर्च** | | **११२५८५.०००** | |
| क) गाउपालिकास्तरीय योजना तथा कार्यक्रम खर्च | | ६४५८५.००० | |
| ख) वडास्तरीय योजना तथा कार्यक्रम खर्च | | ४८०००.००० | |
| **बजेट बचत (+)/न्यून (-)** | | **०.०००** | |

# व्यय अनुमान

## आ.व.२०७५/०७६

**अनुसूची-३**

**रु. हजारमा**

| शीर्षक | | बजेटको स्रोत | निकासा विधि | आ.व.२०७४/७५ को यथार्थ | आ.व.२०७५/७६ को अनुमान | आ.व. २०७६/७७ को प्रस्तावित |
|---|---|---|---|---|---|---|
| चालु खर्च | | | | | **४५५३२.००** | **०.०** |
| २११११ | पारिश्रमिक कर्मचारी | राजस्व बाँडफाँड | नगद | ०.० | १२५०६.०० | ०.० |
| २११२१ | पोशाक | राजस्व बाँडफाँड | नगद | ०.० | ४४०.० | ०.० |
| २११३१ | स्थानीय भत्ता | राजस्व बाँडफाँड | नगद | ०.० | १५५०.०० | ०.० |
| २११३२ | महंगी भत्ता | राजस्व बाँडफाँड | नगद | ०.० | १०५६.० | ०.० |
| २१११२ | पारिश्रमिक पदाधिकारी | राजस्व बाँडफाँड | नगद | ०.० | ६०१५.० | ०.० |
| २११४१ | पदाधिकारी बैठक भत्ता | राजस्व बाँडफाँड | नगद | ०.० | १३००.० | ०.० |
| २११४२ | पदाधिकारी अन्य सुबिधा (सञ्चार) | राजस्व बाँडफाँड | नगद | ०.० | २००.० | ०.० |
| २१२१४ | कर्मचारी कल्याण कोष | राजस्व बाँडफाँड | नगद | ०.० | १६५.० | ०.० |
| २२१११ | पानी तथा बिजुली | राजस्व बाँडफाँड | नगद | ०.० | ३००.० | ०.० |
| २२११२ | संचार महसुल | राजस्व बाँडफाँड | नगद | ०.० | ५००.० | ०.० |
| २२२१२ | इन्धन | राजस्व बाँडफाँड | नगद | ०.० | १२००.० | ०.० |
| २२२१३ | सवारी साधन मर्मत खर्च | राजस्व बाँडफाँड | नगद | ०.० | ९००.० | ०.० |
| २२२१४ | बिमा तथा नवीकरण खर्च | राजस्व बाँडफाँड | नगद | ०.० | ३००.० | ०.० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २२२२१ | मेशिनरी तथा ओजार मर्मत सम्भार तथा सञ्चालन खर्च | राजस्व बाँडफाँड | नगद | ०.० | ३००.० | ०.० |
| २२३११ | मसलन्द तथा कार्यालय सामग्री | राजस्व बाँडफाँड | नगद | ०.० | २५००.० | ०.० |
| २२३१४ | ईन्धन अन्य प्रयोजन | राजस्व बाँडफाँड | नगद | ०.० | १००.० | ०.० |
| २२३१५ | पत्रपत्रिका, मिडिया, छपाई तथा सूचना प्रकाशन खर्च | राजस्व बाँडफाँड | नगद | ०.० | १२००.० | ०.० |
| २२४११ | सेवा र परामर्श खर्च | राजस्व बाँडफाँड | नगद | ०.० | १०००.० | ०.० |
| २२४१३ | करार सेवा शुल्क | राजस्व बाँडफाँड | नगद | ०.० | १०००.० | ०.० |
| २२५११ | कर्मचारी तालिम खर्च | राजस्व बाँडफाँड | नगद | ०.० | ५००.० | ०.० |
| २२५१२ | सीप बिकास र जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | राजस्व बाँडफाँड | नगद | ०.० | १०००.० | ०.० |
| २२५२२ | कार्यक्रम खर्च | राजस्व बाँडफाँड | नगद | ०.० | २५००.० | ०.० |
| २२६११ | अनुगमन, मूल्यांकन खर्च | राजस्व बाँडफाँड | नगद | ०.० | २०००.० | ०.० |
| २२६१२ | भ्रमण खर्च | राजस्व बाँडफाँड | नगद | ०.० | १०००.० | ०.० |
| २७२१२ | उद्दार, राहत तथा पुनस्थापना खर्च | राजस्व बाँडफाँड | नगद | ०.० | १०००.० | ०.० |
| २८१४२ | घर भाडा | राजस्व बाँडफाँड | नगद | ०.० | ९००.० | ०.० |
| २८१४३ | सवारी साधन तथा मेशिनरी औजार भाडा | राजस्व बाँडफाँड | नगद | ०.० | ५००.० | ०.० |
| २२२३१ | निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च | राजस्व बाँडफाँड | नगद | ०.० | ७००.० | ०.० |
| २२७२१ | सभा सञ्चालन खर्च | राजस्व बाँडफाँड | नगद | ०.० | ५००.० | ०.० |
| २२७११ | विविध खर्च | राजस्व बाँडफाँड | नगद | ०.० | १४००.० | ०.० |
| २८९११ | भैपरी आउने चालु खर्च | राजस्व बाँडफाँड | नगद | ०.० | १०००.० | ०.० |

# आलिताल गाउँपालिका

## आ.व. २०७५/०७६

## गाउँपालिका स्तरीय योजना तथा कार्यक्रमहरु

रु हजारमा

**क्षेत्र : सडक**

| क्र.स. | योजना तथा कार्यक्रम | कार्यान्वियन हुने स्थान | बजेट | कैफियत |
|---|---|---|---|---|
| १ | गाउँपालिका - गाडखेत सडक विस्तार | वडा नं. ३ र २ | २००० | क्रमागत |
| २ | घुम्ति -आलिताल पर्यटन सडक स्तरोन्नति | वडा नं. ३ | २००० | |
| ३ | गोदामबजार - गाउँपालिका सडक स्तरोन्नति | वडा नं. ५ र ८ | ५०० | |
| ४ | गैरा - गांखेत -आलिताल/गा.पा.सडक स्तरोन्नति र बिस्तार | वडा नं. १ र २ | ३००० | |
| ५ | साहूखर्क- काफली सडक विस्तार | वडा नं. २ | १००० | |
| ६ | हगुल्टे - घण्टेश्वर पर्यटन सडक बिस्तार | वडा नं. १ | ५०० | |
| ७ | सडक सर्भे डिजाईन तथा ड्रईङ | गा.पा | ५०० | |
| **जम्मा** | | | **९५००** | |

**क्षेत्र : खानेपानी तथा सरसफाई**

| क्र.स. | योजना तथा कार्यक्रम | कार्यान्वियन हुने स्थान | बजेट | कैफियत |
|---|---|---|---|---|
| १ | सार्बजनिक सौचालय निर्माण | गा.पा | १००० | |
| जम्मा | | | १००० | |

**क्षेत्र : सिंचाई**

| क्र.स. | योजना तथा कार्यक्रम | कार्यान्वियन हुने स्थान | बजेट | कैफियत |
|---|---|---|---|---|
| १ | धातडी सिचाई कुलो स्तरोन्नति | वडा नं. ३ | ५०० | |
| जम्मा | | | ५०० | |

**क्षेत्र : भवन निर्माण**

| क्र.स. | योजना तथा कार्यक्रम | कार्यान्वियन हुने स्थान | बजेट | कैफियत |
|---|---|---|---|---|
| १ | गा पा मा पाले घर र क्यान्टिन निर्माण | गा.पा | १५०० | |
| २ | गाउँपालिका परिसरमा खुला मञ्च निर्माण | गा.पा | १००० | |
| ३ | सामुदायिक भवन निर्माण | कोइलानी | २०० | क्रमागत |
| ४ | ने.रे.सो. आलिताल उपशाखा भवन मर्मत | वडा नं.४ | ३०० | |
| ५ | बर्थिङ्ग सेन्टर आलितालमा कर्मचारी आवास निर्माण | आलिताल स्वा. चौ. | १००० | |
| ६ | चेतना कृषि सहकारी भवन निर्माण | गा.पा | ५०० | क्रमागत |
| जम्मा | | | ४५०० | |

| क्षेत्र : उद्योग, पर्यटन, वन तथा वातावरण | | | | |
|---|---|---|---|---|
| क्र.स. | योजना तथा कार्यक्रम | कार्यान्वियन हुने स्थान | बजेट | कैफियत |
| १ | आलिताल संरक्षण तथा विकास गुरुयोजना निर्माण | गा.पा. | ५०० | |
| २ | आलितालको संरक्षण र विकास | वडा नं. ३ | २५०० | |
| ३ | विरुवा उत्पादन नर्सरी स्थापना | गा.पा. | ७०० | |
| ४ | गाउँपालिका पर्यटन तथा सांस्कृतिक महोत्सव २०७५ | गा.पा | १००० | |
| ५ | गाउँपालिका अन्तर्गत क्रसर, काष्ठ तथा जडिबुटि उद्योगको सम्भाव्यता अध्ययन तथा वातावरणीय प्रभाव मुल्यांकन | गा.पा. | ५०० | |
| | जम्मा | | ५२०० | |

| क्षेत्र : कृषि तथा पशुपालन | | | | |
|---|---|---|---|---|
| क्र.स. | योजना तथा कार्यक्रम | कार्यान्वियन हुने स्थान | बजेट | कैफियत |
| १ | फलफूल बेर्ना उत्पादन हाईटेक नर्सरी | गा.पा. | १००० | |
| २ | नमूना फलफूल बगैंचा | गा.पा. | ५०० | |
| ३ | एक गाउँ एक उत्पादन कार्यक्रम | गा.पा. | ५०० | |
| ४ | व्यावसायिक बंगुरपालन फार्म सञ्चालन | गा.पा. | १००० | |
| ५ | व्यावसायिक लोकल कुखुरापालन फार्म सञ्चालन | गा.पा. | ५०० | |
| ६ | कृषि विकास कार्यक्रम | गा.पा. | १००० | विषयगत शाखा |
| ७ | पशु विकास कार्यक्रम | गा.पा. | १००० | विषयगत शाखा |
| | जम्मा | | ५५०० | |

| क्षेत्र : शिक्षा | | | | |
|---|---|---|---|---|
| क्र.स. | योजना तथा कार्यक्रम | कार्यान्वियन हुने स्थान | बजेट | कैफियत |
| १ | बाल बिकास केन्द्र संचालन | गा.पा. | २००० | |
| २ | बिद्यालय शिक्षक कर्मचारीलाई कम्प्युटर तालिम | गा.पा. | ३०० | |
| ३ | कक्षा ८ र ५ को परीक्षा ब्यबस्थापन | गा.पा. | ३०० | |
| ४ | बिद्यालय राहत शिक्षक तथा कर्मचारी प्रोत्साहन अनुदान | गा.पा. | ७५०० | |
| ५ | नमुना बिद्यालय कार्यक्रम | गा.पा. | ५०० | |
| ६ | आई ई एम आई एस तालिम | गा.पा. | ७५ | |
| ७ | लेखा तालिम तथा अन्य बिबिध कार्यक्रम | | २०० | |
| | जम्मा | | १०८७५ | |

| क्षेत्र : स्वास्थ्य | | | | |
|---|---|---|---|---|
| क स | कार्यक्रमको विवरण | कार्यान्वयन हुने स्थान | वजेट पारित | कैफियत |
| १ | तलब भत्ता | स्वा.संस्थाहरु | ३५५ | |
| २ | स्वयम सेविका कार्यक्रम व्यवस्थापन | गा.पा. | १०० | |
| ३ | वालवालिका केन्द्रीत कार्यक्रम खोप सेवा व्यवस्थापन | गा.पा. | ९५ | |
| ४ | आमा सुरुक्षा व्यवस्थापन र न्यानो व्याग खरिद | स्वा.संस्थाहरु | ४५० | |
| ५ | वर्थिगं सेन्टर व्यवस्थापन | स्वा.संस्थाहरु | १०० | |
| ६ | ल्याव सेवा आवश्यक सामाग्री व्यवस्थापन | स्वा.संस्थाहरु | ५० | |
| ७ | मेण्टल हेल्थ औषधि खरिद एवम अन्य व्यवस्थापन | स्वा.संस्थाहरु | ५० | |
| ८ | गांउ स्वास्थ्य कार्यालय व्यवस्थापन | गा.पा. | ५० | |
| ९ | औषधी तथा अन्य आवश्यक सामाग्री ढुवानी(औषधी) | स्वा.संस्थाहरु | ४० | |
| १० | उपकरण, अति आवश्यक औषधी (निशुल्क औषधीहरु) खरिद तथा ढुवानी | स्वा.संस्थाहरु | ४७० | |
| ११ | सामाजिक परीक्षण १ पटक | गा.पा. | ३० | |
| १२ | गा.पा.स्तरीय मासिक मिटिगं तथा रिपोटिग खर्च | गा.पा. | ८० | |
| १३ | कार्यालय सञ्चालन खर्च | स्वा.शाखा/संस्था | ५० | |
| १४ | हेल्थ क्याम्प हरु | गा.पा. | ३०० | |
| १५ | सुरक्षित गर्भपतन सेवा | स्वा.संस्थाहरु | ५० | |
| १६ | कार्यक्रम अनुगमन | स्वा.शाखा | ११० | |
| १७ | ईन्धन | स्वा. शाखा | ३० | |
| १८ | गाडखेत स्वास्थ्य चौकीलाई एम्बुलेन्स सहयोग | गाडखेत स्वा.चौ. | १३०० | |
| १९ | आयुर्बेद औषधालय | आयुर्बेद औषधालय | ५०० | |
| जम्मा | | | ४२१० | |

| क्षेत्र : भाषा तथा संस्कृति | | | | |
|---|---|---|---|---|
| **क.स.** | **योजना तथा कार्यक्रम** | **कार्यान्वयन हुने स्थान** | **बजेट** | **कैफियत** |
| १ | स्थानीय संस्कृति जगेर्ना तथा प्रवर्द्धन कार्यक्रम | गा.पा. | २०० | |
| २ | शिव मन्दिर निर्माण | वडा नं. ५, बाहिरीसैन | १०० | क्रमागत |
| ३ | मष्टा देवताको मन्दिर संरक्षण/ पर्खाल निर्माण | वडा नं. १, निकाने | ३०० | |
| **जम्मा** | | | ६०० | |

**क्षेत्र : महिला, वालबालिका, जेष्ठ नागरिक तथा लक्षित वर्ग कार्यक्रम**

| क्र.स. | योजना तथा कार्यक्रम | कार्यान्वियन हुने स्थान | बजेट | कैफियत |
|---|---|---|---|---|
| १ | गा.पा. स्तरीय महिला सञ्जाल क्षमता विकास | गा.पा. | २०० | |
| २ | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दिवसीय कार्यक्रम ( रा.वालदिवस, अ.रा.जेष्ठ नागरिक, अपांगता, महिला, लैंगिक हिंसा विरुद्धको दिवस आदि) | गा.पा. | १०० | |
| ३ | सन्देशमूलक सामग्री प्रकाशन (पोष्टर, क्यालेन्डर,होडिङ बोर्ड आदि) | गा.पा. | ३०० | |
| ४ | लक्षित वर्ग ( दलित, जनजाती, अपांग आदि) उत्थान तथा विकास कार्यक्रम | गा.पा. | ५०० | |
| | जम्मा | | ११०० | |

**क्षेत्र : युवा तथा खेलकुद**

| क्र.स. | योजना तथा कार्यक्रम | कार्यान्वियन हुने स्थान | बजेट | कैफियत |
|---|---|---|---|---|
| १ | आलिताल खेलकुद मैदान निर्माण | गा.पा. | ३०० | |
| २ | आलिताल खुल्ला भलिवल प्रतियोगिता | गा.पा. | ५५० | |
| ३ | मार्शलआर्ट खेल प्रतियोगिता | गा.पा. | १५० | |
| | जम्मा | | १००० | |

**क्षेत्र : श्रम तथा रोजगार**

| क्र.स. | योजना तथा कार्यक्रम | कार्यान्वियन हुने स्थान | बजेट | कैफियत |
|---|---|---|---|---|
| १ | बेरोजगार युवा युवतिहरुका लागि मोबाईल मर्मत, अटोमोवाईल, ब्युटिसियन, हेयर कटिङ्ग, वेल्डिङ, सिकर्मी, वैदेशिक भाषा आदि सम्बन्धि तालिम तथा प्रशिक्षण कार्यक्रम | गा.पा. | ५०० | |
| | जम्मा | | ५०० | |

**क्षेत्र : उर्जा**

| क्र.स. | योजना तथा कार्यक्रम | कार्यान्वियन हुने स्थान | बजेट | कैफियत |
|---|---|---|---|---|
| १ | गापा अन्तर्गत बजार क्षेत्र, सार्वजनिक तथा धार्मिक स्थलहरुमा सौर्य बत्ती जडान | गा.पा. | १५०० | |
| | जम्मा | | १५०० | |

| क्षेत्र : अन्य क्षेत्र | | | | |
|---|---|---|---|---|
| क्र.स. | योजना तथा कार्यक्रम | कार्यान्वयन हुने स्थान | बजेट | कैफियत |
| १ | गाउँपालिका प्रोफायल तयारी | गा.पा. | १५०० | |
| २ | समपुरक कोष | गा.पा. | ३००० | |
| ३ | भैपरि आउने पुजिगत | गा.पा. | ४००० | |
| ४ | न्यायिक समिति कार्यक्रम | गा.पा. | १००० | |
| ५ | ऐन नियम तथा कार्यविधि तयारी कार्यशाला गोष्ठी | गा.पा. | ५०० | |
| ६ | विपद् व्यवस्थापन कोष | गा.पा. | ५०० | |
| ७ | अस्पतालको जग्गा खरिद | गा.पा. | ३००० | |
| ८ | मेशिनरी औजार | गा.पा. | १५०० | |
| ९ | फर्निचर र फिक्चर्स | गा.पा. | १५०० | |
| १० | सवारी साधन | गा.पा. | ६०० | |
| ११ | पुजीगत सुधार खर्च सार्वजनिक निर्माण | गा.पा. | १५०० | |
| जम्मा | | | १८६०० | |
| **कूल जम्मा** | | | ६४५८५ | |